[illegible]

मिति: २०७४ साल मंसिर १२ गते
समय: बिहान १२ बजे
स्थान: नगर सभा हल

मुसिकोट नगरपालिकाको नगर प्रमुख श्री देवीलाल गौतमज्युको अध्यक्षतामा बैठक बसी तपशिलको उपस्थितिमा निम्न निर्णयहरु पारित गरियो।

उपस्थित:

श्री देवीलाल गौतम – नगर प्रमुख (मुसिकोट नगरपालिका)
श्री प्रेम कुमारी सुनार – नगर उपप्रमुख (— " — ")
श्री वीरवल के०सी० – वडा अध्यक्ष वडा नं० १
श्री काशीराम खड्का – " — " वडा नं० २
श्री भिम बहादुर खड्का – " — " वडा नं० ३
श्री निर्मल कुमार पुन – " — " वडा नं० ४
श्री सुसिल गौतम – " — " वडा नं० ५
श्री बसन्त कुमार गौतम – " — " वडा नं० ६
श्री हिम बहादुर पाण्डे – " — " वडा नं० ७
श्री बुद्धिप्रसाद बुढा – " — " वडा नं० ८
श्री नविन ओली – " — " वडा नं० ९
श्री ज्ञानेश्वर के०सी० – " — " वडा नं० १०
श्री पदम बहादुर पुन – " — " वडा नं० ११
श्री प्रेम बहादुर ओली – " — " वडा नं० १२
श्री दिपक के०सी० – " — " वडा नं० १३
श्री भिम बहादुर विष्ट – " — " वडा नं० १४
श्री धिरज नेपाली – कार्यपालिका सदस्य
श्री याम कुमारी नेपाली – " — "
श्री पविता कामी – " — "
श्री मिना वि०क० – " — "
श्री चम्पा परियार – " — "
श्री कमला बुढा (पुन) – " — "
श्री शशिराम परियार – " — "
श्री जानकी खड्का – " — "
श्री माधव प्रसाद शर्मा – प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रित उपस्थिति:

श्री दिपेन्द्र रावल – शाखा अधिकृत
श्री ललित बहादुर बुढा – कानुन अधिकृत
श्री मोहन कुमार के०सी० – नायव सुब्बा

श्री याम बहादुर केसी - लेखापाल
श्री याम बहादुर शाही - खरिदार

**निर्णय नं. १** : यस मुसिकोट नगरपालिकाको मिति २०७४ साल माघ १० गतेको च न ५४५ को पत्रानुसार झोलुङ्गे पुलको कार्यआदेश सेवा प्रतिष्ठान नेपाल रुकुम पश्चिमलाइ दिएको र उक्त झोलुङ्गे पुलको सर्वेक्षण डिजायन स्टीमेट तयार भई उपभोक्ता समितिसंग सम्झौता समेत भैसकेको हुदाँ निर्माण कार्यको लागि यस मुसिकोट नगरपालिकाले झोलुङ्गे पुल कार्य प्रयोजनको लागि सेवा प्रतिष्ठान नेपाल रुकुम पश्चिमसंग कार्य प्रत्योजन सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**: तपिशलमा उल्लेखित नियम तथा कार्यविधिहरु उपर व्यापक छलफल गरि सामान्य परिमार्जन सहित सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

क. मुसिकोट नगर प्रहरी नियमावली, २०७५

ख. मुसिकोट नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७५

ग. मुसिकोट नगरपालिका आपतकालीन कार्यसंचालन केन्द्र संचालन कार्यविधि, २०७५

घ. अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५

ङ. पशुसेवा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५

च. मेलमिलाप कार्य संचालन कार्यविधि, २०७५

छ. श्रम सहकारी गठन, परिचालन  तथा व्यवस्थापन कार्यविधि, २०७५

ज. स्थानीय  विपद व्यवस्थापन कोष सचांलन कार्यविधि, २०७५

झ. बिद्यालय बाहिरका अध्यापन तथा तालिम प्रशिक्षण कार्य संचालन सम्बन्धी निर्देशिका, २०७५

ञ. श्रमिक सहकारी संस्थाको नमुना विनियम, २०७५

ट.प्रशासनिक कार्यसंचालन तथा नितिगत व्यवस्थापन सम्बन्धी आन्तरिक मार्गदर्शन, २०७५

**निर्णय नं. ३**: तपशिलको सेवा तथा वस्तुको खरिद गर्दा आ ब २०७५।०७६ को निति बजेट तथा कार्यक्रममा छुट्याईएको रकम अपुग हुदाँ सि न ७४ श्रोत नेपाल सरकार खर्च शिर्षक २८९११ को वाँडफाड हुन वाकी योजना तथा कार्यक्रमबाट शिर्षक परिवर्तन मार्फत बजेट वाँडफाड गरि निम्न शिर्षकमा खर्च गर्ने निर्णय गरियो ।

क. मोटरसाइकल खरिद :४१,००,०००।

ख. ट्रस निर्माण :१९,८३,०००।

ग. राहत कोष :५,००,०००।

घ. वाटो सरसफाइ :७,२७,६०२।

ङ. जनस्वास्थ्य कार्यालयको लागि ५ के वी सोलार खरिद :१५,००,०००।

च. मुसिकोट नगरपालिका वडा नं. ४ मा रहेको बालकल्याण माध्यमिक विध्यालय सोलावाङ रुकुम पश्चिमलाई कम्प्युटर खरिदका लागि रु १,५०,०००।

**निर्णय नं. ४** : यस मुसिकोट नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थाका लागि आवश्यक पर्ने औषधी

विद्युतमा सार्वजनिक खरिद ऐन।नियमको प्रकृया पुरा गरि खरिद गर्ने कार्यादेश प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** यस मुसिकोट नगरकार्यपालिका अन्तरगत रहेका विषयगत समितिका संयोजकहरुको वैठक प्रत्येक महिनाको एक पटक वस्ने निर्णय गरियो ।

**निर्णय नं. ६:** यस मुसिकोट नगरपालिकाको वडा नं.११ देखि १० नं. वडा जोड्ने रिङरोडको **DPR** गर्ने कार्यमा विवाद आएको हुदाँ सो विवादको व्यवस्थापन गरि ३ दिनभित्र कार्यसम्पन्न गर्न लागि यस मुसिकोट नगरकार्यपालिका अन्तरगत रहेको भौतिक पूर्वाधार विकास समितिका संयोजक श्री धिरण [illegible] र इन्जिनियर श्री घनश्याम शर्मा लगायतको टोलीलाई खटाउने निर्णय गरियो ।

**निर्णय नं. ७:** वर्षादको समयमा मुसिकोट नगरपालिका क्षेत्रभित्रमा भएको भौतिक क्षतिको विवरण विपद व्यवस्थापन समितिमा संकलन भई आबश्यक सामाग्रीहरु वितरण गर्ने निर्णय भए बमोजिम विपद व्यवस्थापन तथा सामाग्री खरिद शिर्षकवाट खर्च लेख्नेगरी रु १०,०००००। (अक्षरुपी लाख)को तारजाली र रु ८०००००। (अक्षरुपी आठ लाख)को पाइप खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:**यस मुसिकोट नगरपालिकावाट आ ब २०७४।०७५ मा संचालन भएका योजनाहरुको अन्तिम लेखापरीक्षणको प्रतिवेदन अध्ययन गरि वेरुजु।कैफियत नभएका योजनाहरुको फरफारक रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.९:** यस नगरपालिकाको आ.ब.२०७५।०७६ मा पारित योजनाहरुको निमार्ण कार्य श्रम सहकारी,सहकारी,टोलविकास संस्था,कलब तथा उपभोक्ता समिति, महिला समूह, आमा समुह आदि मार्फत यथाशिर्घ अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१०:**वैकल्पिक उर्जा प्रवर्ध्दन केन्द्रको प.स. ०७५।०७६,च.नं.७६५ र मिति २०७५।०८।११को प्राप्तपत्रानुसार दलित जनजाति लगायतका पिछडिएका घर परिवारलाइ धुवाँमुक्त घर कार्यक्रम अन्तरगत यताउती सार्न मिल्ने चुलो वितरण गर्ने कार्यक्रम रहेको जानकारी भए बमोजिम मुसिकोट नगरपालिका क्षेत्रिभित्र रहेका २४० दलित जनजाति लगायतका विपन्न घर परिवारको नामावली संकलन गरि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

**निर्णय नं.११:"घ"**वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि,२०७४ को अनुसूची ५ को "घ" वर्गको निर्माण व्यवसायीको लागि योग्यताको दफा ३ को मेशीन र उपकरण सम्वन्धी उपदफाहरु संशोधन गर्न आवश्यक भएकोले निम्नानुसार संशोधन गर्ने निर्णय गरियो ।

तपशिल :

| **हाल व्यवस्था भएको** | **संशोधन गर्नुपर्ने** |
|---|---|
| क. टिप्पर/ट्याक्टर (एक।एक थान) | क. हटाइएको |
| ख. मिक्सर (एक थान) | ख. हटाइएको |
| ग. Theodolite/Level machine (एक सेट) | ग. Level machine( एक सेट) |
| घ. वाटर पम्प (तीन थान) | घ.वाटर पम्प (एक थान) |

३. माइडेटर (तीन थान) ३. माइडेटर (एक थान)

सबै घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र नवीकरण सम्बन्धी निम्न व्यवस्था गर्ने निर्णय गरियो ।

क. आ.व. को पहिलो तिन महिनासम्म नवीकरण दस्तुर मात्र लिने ।

ख. वाकी नौ महिनासम्म नविकरण दस्तुरको दोब्बर दस्तुर लिने ।

ग. आ.व. को अन्तसम्ममा नविकरण नगराएमा स्वत खारेज हुने ।

**निर्णय नं.१२: शिक्षातर्फका विभिन्न विषयहरुमा छलफल गरि निम्न निर्णय गरियो ।**

क: आव २०७५।०७६ को लागि स्वयमसेवक शिक्षक व्यवस्थापनको लागि विनियोजित बजेटको परिधिमा रही अत्यावश्यक विद्यालयहरुमा स्वयमसेवक शिक्षक थप गरी खटाउन आवश्यक भएकोले नगरपालिकाले लिएको परीक्षाबाट वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरुलाई खटाउनको लागि नगर शिक्षा समितिलाई जिम्मा दिने निर्णय गरियो ।

ख: मुसिकोट नगरपालिका अन्तर्गत संचालित विद्यालयहरुको लेखापरिक्षण गर्नको लागि नगरपालिका, शिक्षा युवा तथा खेलकूद शाखाबाट शिक्षा नियमावली अनुसार लेखापरीक्षकमा नियुक्तिको लागि सार्वजनिक सूचना प्रकाशन गरेकोमा उक्त सूचनाको म्यादभित्र निवेदन पेश गर्ने तपसिल बमोजिमका दर्तावाल लेखापरीक्षकहरुलाई सूचीकृत गरी आव २०७४।०७५ को लेखा परीक्षण गराउनको लागि विद्यालय बाँडफाँड गर्ने जिम्मा नगर शिक्षा समितिलाई दिने निर्णय गरीयो ।

तपसिल

१ भुपेन्द्रकृष्ण श्रेष्ठ, वि के श्रेष्ठ एन्ड एसोसियसन ललितपुर

२ जीवनकुमार मल्ल, जीवन मल्ल एसोसियट्स काठमान्डौ

३ चम्लागाइ एन्ड कम्पनी, काठमान्डौँ

४ ४ द्वारका एन्ड कम्पनी, काठमान्डौ

५ एम पि श्रेष्ठ एसोसियट्स, शारदा नपा १, शितलपाटी

ग:मुसिकोट नगरपालिका शिक्षा नियमावलीको नियम ६० मा अन्तर स्थानीय तह सरुवा सम्बन्धी व्यवस्थामा उपनियम २ थप गर्ने (२) उपनियम १ मा जुनसुकै कुरा लेखिएको भएता पनि अन्तर स्थानीय तह सरुवाको लागि प्रदेशमा सहमति दिन प्रदेश कानून नबनेसम्म अन्य स्थानीय तहबाट मुसिकोट नगरपालिका अन्तर्गतका विद्यालयमा सरुवा भइ आउनको लागि निवेदन पेश भएको अवस्थामा विषय मिल्ने र दरवन्दी रिक्त भएमा नगरपालिकाबाट स्वीकृत मापदन्डको अधिनमा रही नगर शिक्षा समितिको निर्णय अनुसार शिक्षा अधिकृतले सरुवा गर्न सक्नेछ ।

घ:नगरपालिबाट प्रदान गरिएको स्वमसेवक कोटामा नियुक्तिको लागि हाल प्रचलित कानून अनुसार अध्यापन अनुमति पत्र प्राप्त व्यक्ति मात्र उम्मेदवार हुनसक्ने भएकोमा माध्यमिक तहमा स्वयमसेवक शिक्षक छनौटको लागि सार्वजनिक सूचना प्रकाशन गर्दा पनि अध्यापन अनुमति प्राप्त शिक्षक उपलब्ध हुन नसकेमा नगर शिक्षा समितिको निर्णय अनुसार अध्यापन अनुमति पत्र भएका शिक्षक उपलब्ध

प्रयोजनको लागि नगरपालिकाको स्रोतबाट पारिश्रमिक पाउने स्वयमसेवक शिक्षकमा अन्य योग्यता पुगेका तर अध्यापन अनुमति पत्र नभएका व्यक्ति पनि उम्मेदवार हुन सक्ने गरी विज्ञापन तथा सूचना प्रकाशन गर्न अनुमति दिनको लागि आवश्यक निर्णय गर्न नगर शिक्षा समितिलाई निर्देशन दिने निर्णय गरीयो ।

ङ:मुसिकोट नगरपालिका अन्तर्गत काज, सट्टा, विशेष शिक्षा, लेखाजोखा संयोजकको रुपमा कार्यरत रहेका शिक्षकहरुको तलब भत्ता भुक्तानी नभएको सन्दर्भमा हाल निजहरुले यस नगरपालिकामा कामकाज गरिरहेको हुंदा बार्षिक विनियोजित बजेटको परिधिमा रही आव २०७५।०७६ को प्रथम चौमासिकको पारिश्रमिक तलब भत्ता भुक्तानी गर्नको लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो ।

च:मुसिकोट नगरपालिका अन्तर्गत नगर शिक्षा योजना निर्माणको लागि नगर शिक्षा समितिको निर्णय अनुसार नगर उपप्रमुखको संयोजकत्वमा कार्यदल गठन गरी प्रारम्भिक कार्यको शुरुवात गरिएकोमा उक्त कार्यलाई अनुमोदन गरी योजना निर्माणको कार्य अगाडि बढाउनको लागि निर्देशन दिने निर्णय गरीयो ।

छ:निशर्त तथा सशर्ततर्फको बजेटबाट शिक्षा, यूवा तथा खेलकूद शाखासंग सम्बन्धित रही सम्पादन हुने आर्थिक कारोवार तथा कार्यलाई छिटो, छरीतो तथा व्यवस्थित रुपमा सम्पादन गर्नको लागि आर्थिक प्रशासन शाखामा लेखासम्बन्धी कामकाज गर्ने कर्मचारीहरुमध्येबाट एकजना कर्मचारीलाई शिक्षा, यूवा तथा खेलकूद सम्बन्धी कामकाज हेर्ने गरी शाखागत जिम्मेवारी तोकी उक्त शाखासंगको समन्वयमा शिक्षा, यूवा तथा खेलकूदको लागि विनियोजित बजेट तथा कार्यक्रमलाई थप गतिशिलताकासाथ सम्पादन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं.१३:** यस मुसिकोट नगरपालिकामा रहेका व्याकहो लोडर संचालनका लागि गत महिनादेखि यस कार्यालयमा दैनिक ज्यालादारीमा कार्यरत चालक श्री शसिराम बुढालाई सेवा करारमा लिई कामकाजमा लगाउने निर्णय गरियो ।

२०७५।८।१२